**प्रशासन**, सार्वजनिक प्रशासन सम्बन्धी पत्रिका
वर्ष ३८, अंक ३, पूर्णाङ्क १०६, आषाढ २०६४

# सरकारी कार्यालयमा भौतिक व्यवस्थापन: सोचनीय पक्ष

✍ मोहन चापागाई*

" Like the bee, we should make out Industry our amusement."

- Oliver Goldsmith

## १. परिचय

सरकारी कार्यालयहरु सार्वजनिक सेवा प्रवाहका सुन्दर स्थलहरु हुन्, जहां सक्षम, सबल र ईमान्दार सेवकहरु सेवा प्रवाहका लागि सदैव सतत: तम्तयार रहन्छन् । यो एक स्वामित्व परिकल्पना मात्रै होईन किन्तु आजको नागरिक अपेक्षा र राज्यको गन्तव्य विन्दु (Destination Point) वीचको समागम हो । यस परिप्रेक्ष्यमा सरकारी कार्यालयहरुको भौतिक व्यवस्थापन (Physical Layout) समयानुकूल, शोभनिय र काम गरुँ गरुँ लाग्ने हुनु अत्यावश्यक छ ।

## २. त्यसो भए के हुन त सरकारी कार्यालयहरु ?

- संगठनात्मक मनोबल बृद्धिका पवित्र मन्दिर हुन् ।
- कर्मचारीको मानसिक अवस्था, मनोबृति र परस्पर मेलमिलाप गराउने माध्यमहरु हुन ।
- कार्य सन्तुष्टी, तीव्र ईच्छा र संगठनात्मक उद्देश्य प्राप्तिका स्थलहरु हुन् ।
- व्यक्तिगत चाहना (Personal Goal) लाई परास्त गरी सांगठनिक चाहना ( Organization goal) लाई सर्वोपरी ठानी सबै सदस्यहरुलाई गोलबद्ध गर्ने उर्जाका उम्दा केन्द्रहरु हुन् ।
- विभिन्न कर्मचारीका रुचि, योग्यता, स्वभाव, विषय, पृष्ठभूमि र प्रवृतिलाई एकाकार गराई कानूनी मार्गमा हिड्न सिकाउने शिक्षण केन्द्रहरु हुन् ।

## ३. के हाम्रा सरकारी कार्यालयहरु उद्देश्यानूकुल, उपयुक्त र सुन्दर स्थलका रुपमा परिचित छन् ?

- हाम्रा सरकारी कार्यालयहरुको अवस्थालाई हेर्दा नाजुक, नालायक र निकम्मा अबस्थामा पाईन्छन् ।
- मौरीले जस्तै हामीले आफू वरपरको वातावरणलाई माधुर्य र मनोरम बनाउन सकेका छैनौं ।
- सरकारी कार्यालयको भौतिक व्यवस्थापनको पक्ष निकै सोचनीय छ । काम गर्न मन लाग्ने वातावरण, मनोबलको कारक तत्व र प्रतिष्ठा बृद्धिको आधार नै भौतिक व्यवस्थापन हो भन्ने संस्कृतिको सर्वथा अभाव छ ।

---

* उपसचिव, सिंचाई विभाग

- " Autograph your work with excellence " भन्ने मान्यताको मर्म बोध हामीले गर्न सकेका छैनौं ।
- सानै रकमको सदुपयोगले पनि सरकारी कार्यालयमा अकल्पनीय सुधार गर्न संभव हुन्छ भन्ने हेक्का हामीसंग छैन ।
- सफा बस्ने ठाउँ, कुर्सी, टेबुल, पंखा, हिटर, क्यान्टिन, विद्यालय, परिवहन व्यवस्था, शौचालय, मिटिंग हल जस्ता भौतिक व्यवस्थापनका कुराहरुले सांगठनिक उद्देश्य प्राप्तिका लागि कायापलट भूमिका खेल्न सक्तछन् भन्ने तर्फ सचेत र सजग छैनौं ।
- सरकारी कार्यालयको भौतिक व्यवस्थापनको वर्तमान अवस्था र भावी पक्षबारे हालसम्म अध्ययन गरिएको छैन । यस्ता अध्ययनले सांगठनिक विकासमा ठुलो भूमिका खेल्ने तर्फ हामी गंभीर छैनौं ।
- अन्ततः हाम्रा सरकारी कार्यालयहरु फोहर, अनुपयुक्त, प्रतिकूल र अप्रभावकारी र उद्देश्यनाकूल छैनन् ।

## ४. भौतिक व्यवस्थापनको अप्रभावकारिताले के कस्ता असरहरु पारेका छन् ?

- कार्यालयको अशोभनियता बढेको छ ।
- सांगठनिक उत्पादनमा ऱ्हास देखिएको छ ।
- काममा विलम्वता बढ्दो छ ।
- गैरउपस्थिति सामान्य संस्कारमा रुपान्तरण भएको छ ।
- दायित्व निर्वाहमा अतत्परता देखिंदो छ ।
- कर्मचारीहरु बीच असमझदारी र असमन्वयको पर्खाल ज्यूँका त्यूँ छ ।
- नेतृत्वको गंभीरताप्रति प्रश्नचिन्ह बढ्दैछ ।
- संगठनप्रति नकारात्मक धारणाको विकास भैरहेको छ ।
- सेवाग्राहीहरुमा असन्तुष्टता व्याप्त छ ।
- अनावश्यक टिका टिप्पणी, आलोचना र व्यर्थ विवादः सरकारी कार्यालयका आधारहरु बनेका छन् ।
- "Belonging to organisation" प्रति आघात् पुगेको छ ।
- कर्मचारीहरुमा Discipline, Group Cohesiveness र Participation मा अनुकूल छाप छाड्न सकेको छैन ।
- माथिल्लो तहका अधिकारीहरु र तल्लो तहका कर्मचारीहरु बीच भौतिक सुविधाको निकै अन्तर पाईन्छ ।
- भौतिक व्यवस्थापनको अभावमा बर्तमान पेशा प्रति वितृष्णाको बादल मडारिंदो छ ।
- अर्थ मन्त्रालयको नकारात्मक धारणा छ । किनकी फर्निचर, मर्मत, रंगरोगन, फ्लोरिंग फर्निसिङ जस्ता शिर्षकहरुमा बजेट विनियोजन गरिदैन ।
- कतिपय करोडौं मुल्य बराबरका संरचनाहरु पनि सामान्य मर्मतको अभावमा भत्किने र नासिने अवस्थामा पुगेका छन् ।
- कतिपय कार्यालय प्रमुखहरुको भौतिक व्यवस्थापनतर्फ चासो छैन। मुलतः यथास्थितिमा कार्यालय चलाउने चलन चलेको छ ।
- परिवर्तन चाहे जुनसुकै मुलूकमा होस् त्यसलाई उठान, आत्मसात् र अवलम्वन गर्न गाऱ्हो हून्छ । परिवर्तन वास्तममा यस्तो विषय हो, जसलाई हतपत्ति स्वीकारिंदैन ।
- “सरकारी कार्यालय भौतिक व्यवस्थापन र अनुगमन समितिको” आवश्यकता टड्कारो छ ।
- “ठुला मानिसहरु सानो कुरा सोच्दैनन् तर सानैवाट ठुलो कुराको शूरुवात हुन्छ ।” भन्ने तल्लो स्तरका कर्मचारी बीच गुनासो सुनिन्छ ।
- सरकारी कार्यालयको भौतिक व्यवस्थापनको चर्चा गर्दा सिंचाई विभाग उच्चकोटीमा पर्दछ ।

## ५. त्यसो भए सरकारी कर्मचारीको मनोबल बृद्धिका कारक तत्वहरु के के हुन् त ?

सरकारी कर्मचारीको मनोबल बृद्धिका तत्वहरु देश र विकासको परिवेश अनुसार एकनास नहुन सक्तछन् । हाम्रोजस्तो अविकसित र द्धन्दको चपेटामा परेको मुलुकको लागि निम्न तत्वहरुले मनोबल बृद्वि गर्नमा गहन भूमिका खेल्न सक्तछन् :

- कामप्रति लगाव र लगनशिलता कस्तो छ ?
- शासन प्रकृयामा सहभागिताको स्तर कस्तो रहेको छ ?
- Job Initiative छ, छैन ?
- Attitude मा परिवर्तनको आभास छ छैन ?
- Diligence कस्तो छ ?
- Group Cohesion ले संगठनमा कस्तो प्रभाव पारेको छ ?
- Belonginess to the organization को स्तर कस्तो छ ?
- Conformity to rules & regulation छ, छैन ?
- Quality of performance कस्तो छ ?
- Discipline ले संगठनलाई कतातर्फ डोर्‍याएको छ ?

## ६. के भौतिक व्यवस्थापन मनोबल बृद्धिको कारक तत्व हो ?

भौतिक व्यवस्थापन लगायत निम्न तत्वहरुले संगठनमा कार्यरत कर्मचारीहरुको मनोबल बृद्धिमा गहन भूमिका खेल्दछन् :(

- बसाईको अवस्था
- आवासको व्यवस्था
- आवासको दुरी
- Mode of Office transportation
- Proximity to the school & market
- कार्य वातावरण
- Fringe Benefits
- Level & need fulfillment
- Performance Criteria / Reward & Punishment system
- Clarity of performance criteria जस्तै :
  - Clarify of performance criteria
  - Regularity of performance Appraisal
  - Formulation of performance Appraisal
  - Existence of reward system
  - Existence of punishment system
- Communication between superiors & subordinates
- Goal Incorporation
- Involve of planing & policy making
- Staff meeting
- Career Development. provision
- Delegation of Authority
- Leadership
- Matching the employ with the job

## ७. केही भनाईहरु

- काम गर्ने व्यक्तिलाई स्रोत, सुचना र साधनले सूसज्जित तूल्याउ ।
- काम गर्ने व्यक्तिलाई उपयूक्त कार्यावस्था र वातावरण देउ ।

- काम गर्ने व्यक्तिलाई संगठनको सम्पुर्ण काममा सहभागी तुल्याउ ।
- काम गर्ने व्यक्ति बीच Principal-Agent relationship कायम गर ।
- विगतको आलोचना भन्दा भविष्यको बाटो बनाउदै लैजान ।
- जुन संस्थामा रहन्छौं, त्यसलाई सक्षम, सून्दर र स्मरणीय बनाउ ।
- चाहे घर होस् वा कार्यालय आफु बस्ने ठाउं चिटिक्क पार ।
- सक्छौं सुधार तर कदापी कार्यालयलाई नविगार ।
- भौतिक व्यवस्थापन बिलासिता होईन, आवश्यकता हो ।
- जून आवश्यकतालाई आवश्यक ठानिदैन, त्यो स्वत: समस्यामा रुपान्तरण हून पूग्दछ
- सरकारी साधन र श्रोतको दूरुपयोग पनि एउटा अपराध हो ।

## निष्कर्ष

सरकारी कार्यालयमा भौतिक व्यवस्थापन एक अपरिहार्य पक्ष हो । कार्यालयमा सुखद वातावरण, आन्तरिक समन्वय, नियन्त्रण र कार्य मनोबल बृद्धिका सहायक तत्वहरु हुन । सरकारी प्राथमिकताको विषय नभएपनि अव यसले प्राथमिकता पाउनु पर्छ । एउटा मन्त्री नियुक्त हुंदा रातारात कार्यकक्षको कार्पेट र फर्निसिङ फेरिने हाम्रो जस्तो मुलुकमा सर्वप्रथम संस्कार फेरिनु पर्छ । आन्तरिक मितव्ययिताका साथ निजामती सेवकहरु कार्यरत स्थान शोभनीय, अनुकूल, समय सापेक्ष र रमणीय हुनु जरुरी छ । सरकारले यसलाई आफनो प्राथमिकताको विषय मान्नै पर्दछ ।

लागू गर्न संभाव्य र आवश्यक कदमहरु उठाउन पछि सर्नु हुदैन । "Dedication to the goals of the agency" भएन भने पछि नराम्रो अवस्था आउन सक्तछ ।

यस परिप्रेक्ष्यमा निम्न कदमहरु उठाउन उपयुक्त देखिन्छ :(

- सरकारी कार्यालयको भौतिक व्यवस्थापनको आवश्यकता र विद्यमान अवस्था बारे अध्ययन गरौं ।
- भौतिक व्यवस्थापन सम्बन्धी न्यूनतम मापदण्डको विकास गरौं ।
- बर्तमान पेशाप्रतिको लगाव, भविष्य, उद्देश्य र भावना स्पष्ट खाकाका रुपमा तयार गर्नुपर्दछ ।
- सरकारी कार्यालयको भौतिक व्यवस्थापनतर्फ हेर्दा जावलाखेलको एउटा कार्यालय भव्य हुने तर दार्चुलाको एउटा कार्यालयमा एउटा दराज, एउटा कार्पेट र एउटा डोरम्याट सफा नहुने अवस्था हुनु हुदैन ।
- एउटा कर्मचारी कार्यालय कसरी पुग्छ ? उसका केटाकेटीहरु कहां कसरी पढछन् ? पारिवारिक अवस्था कस्तो छ ? आबास सुविधा छ, छैन ? कार्यालय भवन, भौतिक स्थिति, फर्निचर, फ्लोरिंग, स्टेशनरी र हिटर, पंखा, शौचालय आदिको व्यवस्था कस्तो रहेछ ? सो कार्यालयले प्रथमत: ध्यान दिनु पर्ने विषय हो ।
- एउटा कलम र कागज जहां पाईदैन, त्यहाँ कर्मचारी धेरै बेर रहेर काम गर्न खोज्दैन । यो एक सोचनीय पक्ष हो ।
- जहाँ जिम्मेवारी छ, वातावरण छैन । जहाँ कार्यालय छ, कार्य तत्परता छैन । जहाँ मानिसहरु छन्, काम गर्ने मन छैन । जहाँ अधिकारी छन्, अधिकार छैन त्यस्तो स्थितिमा उपलब्धिमूलक नतिजा आउने कल्पनासम्म गर्न सकिन्न ।
- "A failure establishes only this: that our determination to succeed was not enough" लाई मूल मन्त्र मानौं ।
- Alfred A monta part भन्छन् -"Bite of more than you can chew, then chew it plan more than you can do. Than do it."